# उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेजमा आदिवासी जनजाति र स्थानीय समुदायको साझा अडानपत्र

नेपालको वन संरक्षण र व्यवस्थापनमा आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित, मधेशी तथा वनमा आश्रीत विपन्न समुदायले विगत लामो समयदेखि योगदान पुऱ्याउँदै आएको सर्वविदितै छ । वन संरक्षण र व्यवस्थापनको उक्त योगदानको फलस्वरूप नेपालको वन क्षेत्रमा उल्लेख्य मात्रामा वृद्धि भएतापनि वनमा आश्रीत आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित, मधेशी र विपन्न समुदायले तुलानात्मक लाभ प्राप्त गर्न नसकेको अवस्था विद्यमान छ ।

राष्ट्रिय रेडप्लस रणनीति निर्माणको चरणमा रहेकै बेला उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज बन्न गइरहेको सन्दर्भमा नेपालका आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित, मधेशी, अपाङ्ग, विपन्न वर्ग, अन्य सीमान्तकृत समुदाय र वनमा आश्रीत समुदायको सवाल र सरोकारलाई समेटी यो साझा अडानपत्र तयार पारिएको छ ।

आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित, मधेशी, अपाङ्ग, विपन्न वर्ग तथा अन्य सीमान्तकृत समुदायको प्रतिनिधित्व गर्ने नेपाल आदिवासी जनजाति महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, राष्ट्रिय दलित नेटवर्क, थारू कल्याणकारी सभा, आदिवासी जनजाति महिला महासंघ, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ, ग्रिन फाउण्डेशन नेपाल, आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र, अस्मिता नेपाल, पारिवारिक निजी वन संघ नेपाल, साझेदारी वन उपभोक्ता संघ, नेपाल र हिमवन्ती नेपालको संयुक्त आयोजनामा यही २०७३ मंसिर २० र २१ गते काठमाण्डौमा भएको संवाद तथा परामर्श सम्मेलनबाट यो साझा अडानपत्र तयार गरिएको हो । नेपालको रेडप्लस रणनीति र उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेजले नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धी, महासन्धी, अभिसन्धी, प्रतिवद्धताहरू (जैविक विविधता महासन्धी, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, दिगो विकास लक्ष्य, आइएलओ महासन्धी १६९, आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, पेरिस सम्झौता लगायत) र नेपालको संविधानले व्यवस्था गरेको मौलिक अधिकार र राज्यका नीति निर्देशक सिद्धान्तहरूलाई अक्षरशः पालना गरिनुपर्दछ ।

## संस्थागत संरचना

- उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालनको लागि निर्माण हुने सबै तहको संरचना र प्रकृयामा आदिवासी जनजाति, स्थानीय समुदाय, सामुदायिक वन, साझेदारी वन, निजी तथा पारिवारिक वन, दलित, महिला, मधेशी, मुस्लिम अल्पसंख्यक, उत्पीडित वर्ग र अपाङ्गता भएका व्यक्तिहरूको समावेशी, पूर्ण, प्रभावकारी र निर्णायक सहभागीता हुनुपर्दछ ।
- संस्थागत संरचनालाई समुदायदेखि राज्य पुनसंरचनाको ढाँचाअुनसारको तहमा निर्माण गरिनुपर्दछ ।

## सुरक्षा नीति

- आदिवासी जनजातिहरूको जल, जमीन र जङ्गलसँग अन्योन्याश्रित सम्बन्ध भएको कारण आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, जीविकोपार्जनलाई सम्मान र संवर्द्धन गर्दै उनीहरूका अधिकारहरूलाई सुनिश्चित गरिनुपर्दछ ।
- आदिवासी जनजाति र स्थानीय समुदायलाई उनीहरूको अधिकार र परम्परागत पेशाबाट विस्थापित गरिनु हुँदैन ।
- सम्भावित जोखिम न्यूनीकरणको निम्ति क्षतिपूर्तीसहित उचित व्यवस्थापन गरिनुपर्दछ ।
- रेडप्लस सुरक्षा नीतिसम्बन्धमा क्यानकुन सम्झौता र मानवअधिकार सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय मापदण्डमा व्यवस्था भएअनुसार कार्यान्वयन गरिनुपर्दछ ।
- वैकल्पिक उर्जाको व्यवस्था गरिदा सम्बन्धित क्षेत्रका समुदायको परम्परागत सँस्कृति, संस्कार र मूल्यमान्यातामा आँच नआउने गरी उनीहरूकै सहभागिता हुनुपर्दछ । उनीहरूलाई यस्तो उर्जा सरल, सुपथ तथा सहजसहजरूपमा उपलब्ध गरिनुपर्दछ ।

## लाभको बाँडफाँड तथा गैरकार्बन लाभ

- लाभको बाँडफाँडमा आदिवासी जनजाति, स्थानीय समुदाय, सामुदायिक वन, साझेदारी वन, निजी तथा पारिवारिक वन, दलित, महिला, मधेशी, मुस्लिम अल्पसंख्यक, उत्पीडित वर्ग र अपाङ्गता भएका व्यक्तिहरूको सरल, समन्यायीक र प्रभावकारी पहुँचको लागि एउटा स्वतन्त्र तथा अधिकारसम्पन्न समिति गठन गरिनुपर्दछ ।
- आदिवासी जनजाति र स्थानीय समुदायको स्वीकार्यतासहितको लाभ बाँडफाँडको मापदण्ड बनाइनुपर्दछ र लाभग्राहीको अपेक्षाको उचित व्यवस्थापन गरिनुपर्दछ ।

- लाभ बाँडफाँडसम्बन्धी असन्तुष्टि र गुनासा सम्बोधन गर्न आदिवासी जनजाति, स्थानीय समुदाय, सामुदायिक वन, साझेदारी वन, निजी तथा पारिवारिक वन, दलित, महिला, मधेशी, मुस्लिम अल्पसंख्यक, उत्पीडित वर्ग र अपाङ्गता भएका व्यक्तिहरूको संलग्नतामा एउटा स्वतन्त्र र अधिकारसम्पन्न समिति गठन गरिनुपर्दछ ।
- लाभको बाँडफाँडको क्रममा समुदायमा आधारित, प्रथाजनित वन र पारिवारिक निजी वन व्यवस्थापन पद्धतिलाई सतप्रतिसत सुनिश्चित गरिनुपर्दछ र अन्य वनको हकमा पनि जलवायु नीतिअनुरूप गरिनुपर्दछ ।
- वनको दिगो व्यवस्थापन गर्दै गैरकार्बन लाभको स्पष्ट परिभाषासहित यसको लाभ र मुल्यांङ्कन निर्धारण गरिनुपर्दछ । यसो गर्दा परम्परागत, प्रथाजनित र समुदायस्तरमा भएका अभ्यास र योगदानहरूलाई कानुनी मान्यता दिइनुपर्दछ ।

## वनको भूस्वामित्व नियन्त्रण र अधिकार

- वनको भूस्वामित्व, उपभोग र नियन्त्रणमा आदिवासी जनजाती र स्थानीय समुदाय, सामुदायिक वन, साझेदारी वन, निजी तथा पारिवारिक वन, दलित, महिला, मधेशी, मुस्लिम अल्पसंख्यक, उत्पीडित वर्ग र अपाङ्गता भएका व्यक्तिहरूको अग्राधिकार हुनुपर्दछ ।
- वन कार्बन संरक्षण, संवर्द्धन, उत्पादन र उपभोगको अग्राधिकार आदिवासी जनजाति र स्थानीय समुदायमा हुनुपर्दछ ।
- वनमाथिको भूस्वामित्व तथा स्वतन्त्रपूर्वक व्यवस्थापन गर्ने सार्वभौम अधिकार आदिवासी जनजाती र स्थानीय समुदायमा हुनुपर्दछ ।
- निजी तथा पारिवारिक वनमा सरकारको कुनै किसिमको हस्तक्षेप हुनुहुँदैन र त्यस्ता वन क्षेत्रको कार्बनको अधिकार जग्गाधनीलाई नै दिइनुपर्दछ ।
- परम्परागतरूपमा आदिवासी जनजाति र स्थानीय समुदायले उपभोग र चरिचरन गर्दै आएका भूक्षेत्रलाई कानुनी मान्यता प्रदान गरिनुपर्दछ ।

## कार्बन मापन र अनुगमन

- राष्ट्रिय वन अनुगमन प्रणालीमार्फत आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत र समुदायमा आधारित वन व्यवस्थापन पद्धतिले पुऱ्याएको योगदानको मापन र सम्मान गरिनुपर्दछ ।
- कार्बन मापन, अनुगमन र प्रमाणिकरणमा अधिकारमुखी समुदायमा आधारित पद्धति अवलम्बन गराउन आदिवासी जनजाति र स्थानीय समुदायमा निहीत परम्परागत ज्ञान र सीपको उपयोग गरिनुपर्दछ ।
- कार्बन मापन र अनुगमनमा आदिवासी जनजाति र स्थानीय समुदायको प्रभावकारी प्रतिनिधित्व हुनुपर्दछ । उनीहरूका लागि क्षमता अभिवृद्धि र प्रविधि हस्तान्तरण कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ ।
- परम्परागतरूपले वन व्यवस्थापन गरिरहेका स्थानीय समुदायको पहिचान, तथ्यांङक संकलन र दस्तावेजीकरण गरी उक्त तथ्यांङक तथा परम्परागत ज्ञान र अनुभवलाई आधिकारिकता दिइनुपर्दछ ।

## कारक सम्बोधनको उपायहरू

- आदिवासी जनजाति, स्थानीय समुदाय, सामुदायिक वन, साझेदारी वन, निजी तथा पारिवारिक वन, दलित, महिला, मधेशी, मुस्लिम अल्पसंख्यक, उत्पीडित वर्ग र अपाङ्गता भएका व्यक्तिहरूको जीवनपद्धती, संस्कार र सँस्कृतिसँग सम्बन्धित क्रियाकलापहरूलाई वन विनास र वन क्षयीकरणको कारक तत्वकोरूपमा व्याख्या गरिनु हुदैन ।
- कुनै पनि भौतिक पूर्वाधार तथा जलविद्युत परियोजना निर्माण गर्दा वा जीविकोपार्जनको वैकल्पिक उपाय अवलम्वन गर्दा व्यापारिक हितलाई दृष्टिगत गरी आदिवासी जनजाति र स्थानीय समुदाय, सामुदायिक वन, साझेदारी वन, निजी तथा पारिवारिक वन, दलित, महिला, मधेशी, मुस्लिम अल्पसंख्यक, उत्पीडित वर्ग र अपाङ्गता भएका व्यक्तिहरूको परम्परागत ज्ञान, सीप र वातावरण संरक्षण अभ्यास, कला, सँस्कृतिलाई अवमूल्यन, विस्थापित वा नष्ट गरिनु हुदैन ।

## स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी

- उत्सर्जन न्यूनीकरण कार्यक्रम सम्बन्धी नीति निर्माण, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा आदिवासी जनजाति र स्थानीय समुदाय, सामुदायिक वन, साझेदारी वन, निजी तथा पारिवारिक वन, दलित, महिला, मधेशी, मुस्लिम अल्पसंख्यक, उत्पीडित वर्ग र अपाङ्गता भएका व्यक्तिहरूको स्थानीय समूह, संस्था, संगठन र उनीहरूलाई प्रतिनिधत्व गर्ने महासंघ तथा सञ्जालसँग स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरी सुनिश्चित गरिनुपर्दछ ।
- स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरी लिदा अनिवार्यरूपमा उनीहरूकै मातृभाषामा वा स्थानीय बोलीचालीको भाषामा सूचना उपलब्ध गरी उनीहरूलाई आवश्यक पर्याप्त समय प्रदान गरिनुपर्दछ ।
- स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरी सम्बन्धमा कसैको गुनासो वा उजुरी भएमा अनिवार्य सुनुवाइको व्यवस्था हुनुपर्दछ ।

यो अडानलाई रेडप्लस रणनीति र उत्सर्जन न्यूनीकरण कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा पूर्णरूपमा सम्बोधन गर्न नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालय, सम्बन्धित दातृ निकाय र सरोकारवालाहरूलाई आव्हान गर्दछौं ।

# Common Position Paper of Indigenous Peoples and Local Communities on Nepal's Emission Reduction Program Document (ERPD)

Nepalese Indigenous peoples, local communities, women, Dalits, Madhesis and the forest-dependent poor, as known to all, have been contributing to forest conservation and management with their traditional knowledge, skills and experiences since a long past. As a result, the forest area of Nepal has been significantly increased resulting in forest resources and products. Despite, these remarkable contributions, the forest-dependent communities mentioned above have hardly been able to reap the benefits from forests and forest products.

While the National REDD+ Strategy is yet to be finalized, the government, in haste, has started preparing Emission Reduction Program Document (ERPD) to formulate the Emission Reduction Program (ERP). Taking stock of this situation, the common position paper, incorporating the issues and concerns of the Nepalese indigenous peoples, local communities, women, Dalits, Madhesis, the Muslim minority, the differently-able people and other marginalized communities, has been prepared so that the government addresses the issues through the ERPD.

The position paper is an outcome of a national level multi-stakeholders' program entitled–Consultation and Dialogue of Indigenous Peoples and Local Communities on ERPD–held on the 5th and 6th of December 2016 in Kathmandu. The program was jointly organized by the Federation of Community Forest Users Nepal (FECOFUN), Nepal Federation of Indigenous Nationalities (NEFIN), National Dalit Network (RDN), Tharu Kalyankari Sabha, Nepal Indigenous Women Federation (NIWF), Association of Collaborative Forest Users Nepal (ACOFUN), Federation of Nepalese Indigenous Journalists (FONIJ), Centre for Indigenous Peoples' Research and Development (CIPRED), Green Foundation Nepal (GFN), ASMITA Nepal, Association of Family Forest Owners Nepal (AFFON) and the HIMAWANTI Nepal

Through this Common Position Paper, we would like to emphasize that Nepal as a party state, formulates Nepal's REDD+ Strategy and Emission Reduction Program Document (ERPD) in strict compliance with the provisions related with the rights of indigenous peoples and local communities provisioned in the various international treaties, conventions, protocols and commitments (including the Convention on Biological Diversity, the Universal Declaration of Human Rights, the Sustainable Development Goals, the ILO Convention 169, the United Nations Declaration on the Rights of Indigenous Peoples, the Paris Agreement), as well as the Fundamental Rights and the Directive Principles of State Policy as enshrined in the Constitution of Nepal.

### Institutional Structure

- Inclusive, full, effective and decisive participation of the indigenous peoples, local communities, community forest users groups, collaborative forest users groups, private forest owners, women, Dalits, Madhesis, the Muslim minority, the differently-able people and other marginalized communities be ensured in every level and process of ERPD's institutional structure.
- The inclusive, full, effective and decisive participation of the above-said peoples should be made from the community level to the central level as determined by Nepal's state restructuring.

### Safeguards

- Indigenous peoples and local communities' rights over the natural resources should be ensured by acknowledging the indigenous peoples symbiotic relationships with land, forest and water while traditional knowledge, skills and livelihood practices should be respected keeping in mind their roles in promoting and safeguarding of these resources.
- The indigenous peoples and local communities should not be deprived of their rights to continue their traditional occupations.
- An appropriate arrangement with the provision of compensation should be made to mitigate the the possible risks.
- REDD+ safeguard measures in the ERPD should be provisioned as per the standards under the Cancun Agreement and various human rights-related national laws and policies and international instruments.
- The arrangement of the alternative energy should be made in participation of the afore-said peoples without tampering their traditional culture, values and norms, and such alternative energy should be available to them with cost-effective, easy and simplistic ways.

### Benefit-sharing and Non-Carbon Benefits

- An independent and authorized committee should be formed for the indigenous peoples, local communities, community forest users groups, collaborative forest users groups, private forest owners, women, Dalits, Madhesis, the Muslim minority, the differently-able people and other marginalized communities to have an easy, equitable and effective access to carbon and non-carbon benefits.
- The benefit-sharing standards, acceptable to the

indigenous peoples and local communities, should be specified and beneficiaries' expectation should be well-managed.

- An independent and authorized committee should be formed to address the dissatisfaction and grievances related with the benefit sharing with involvement of the indigenous peoples, local communities, community forest users groups, collaborative forest users groups, private forest owners, women, Dalits, Madhesis, the Muslim minority, the differently-able people and other marginalized communities.
- The benefit sharing arrangement should ensure cent percent benefits for the forest owners of community-based forests, customary forests, and private forests while the allocation should be made as per the Climate Change policy in relations to other type of forests.
- Making sustainable development of the the forests, non-carbon benefit should be clearly defined including its evaluations and benefits. While doing so, the contributions to non-carbon benefits, made through traditional, customary practices at the community level, should also be recognized and taken into account.

### Forest Tenure Rights and Control

- Preferential forest tenure rights should be given to the indigenous peoples, local communities, community forest users groups, collaborative forest users groups, private forest owners, women, Dalits, Madhesis, Muslim minority, differently-able people and other marginalized communities.
- Preferential rights to forest carbon, in terms of its preservation, promotion and benefits resulting from it should be given to the indigenous peoples and local communities.
- The indigenous peoples, local communities, community forest users groups, collaborative forest users groups, private forest owners, women, Dalits, Madhesis, the Muslim minority, differently-able people and other marginalized communities should be given their sovereign rights to forest tenure and forest management.
- There should be no government interferences in private and family forests; and carbon rights in such forests should be given to the forest owners.
- Rights of the indigenous peoples and local communities over the territories they have been traditionally using, for settlement, farming and grazing should be recognized and the ownership of such lands should be transferred to the respective communities.

### Carbon Measurement and Monitoring

- National Forest Monitoring System should recognize and taken into account the contributions made by the indigenous peoples and local communities through their traditional and community-based forest management practices.
- While measuring, monitoring and verifying the forest carbon, traditional knowledge and skills of the indigenous peoples and local communities should be used for the adoption of the rights-based and community-based approach.
- While carrying out carbon measurement and monitoring program, an effective representation of the indigenous peoples and local communities should be ensured. Capacity building and technology transfer program should also be introduced for these peoples.
- The communities that have traditionally been managing forests at the local level should be identified, the data should be compiled and such data and community experience should be given authenticity.

### Interventions in Deforestation and Forest Degradation

- Activities related to the lifestyles and cultures of the indigenous peoples, local communities, community forest users groups, collaborative forest users groups, private/family forest owners, women, Dalits, Madhesis, the Muslim minority, the differently-able people and other marginalized communities should not be termed as drivers of deforestation and forest degradation.
- Physical infrastructures, hydropower projects and livelihood alternatives should not be developed in commercial interests that devalues, displaces or destroys the traditional knowledge, skills, environment conservation practices, arts and cultures of the indigenous peoples and local communities.

### Free, Prior Informed Consent (FPIC)

- While planning and implementing the ERPD, consultations through FPIC procedure should be mandatorily carried out with the indigenous peoples, local communities, community forest users groups, collaborative forest users groups, private forest owners, women, Dalits, Madhesis, Muslim minority, the differently-able people and other marginalized communities through their federations or networks.
- FPIC should be conducted only after communicating in their mother tongue or the dialect and giving enough time to the concerned community.
- A mechanism should be put in place to redress grievances with regard to FPIC.

Hereby, we jointly call on the Government of Nepal, the Ministry of Forests and Soil Conservation, the donor agencies and the stakeholders to fully address these issues and concerns while formulating and implementing the Nepal REDD+ Strategy and the ERPD.

NEFIN · FECOFUN · Rastriya Dalit Network · NIWF · FoNIJ · CIPRED · Green Foundation Nepal · AFFON · ASHMITA NEPAL · HIMAWANTI